M.A./M.Sc. - I(DE) Examination, 2010

नेपाली

पहिलो पत्र

(सामान्य भाषाविज्ञान र नेपाली भाषाको अध्ययन)

प्रथमार्द्ध

(सामान्य भाषाविज्ञान)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. तल दिइएको वाक्यमा भएका रूपिमहरू केलाएर तिनका प्रकार चिनाउनुहोस् : "हिजो राति मेरो भाइ घरै गएनछ भनेर टुल्लिदीले मन दुखाएको थाहा पाएँ।" २०

अथवा

तलको वाक्यमा प्रयोग गरिएका शब्दहरूका व्याकरणिक वर्ग केलाएर सूचीवद्ध गर्नुहोस् : "अँ, अचेल त्यस जँड्याहाले आधारातमा स्वास्नी कुटेर गाउँभरि नै अशान्ति फिँजाएको चाल नपाएको पनि निकै दिन भयो, होइन त!"

२. कुनै दुईवटा विषयमा टिप्पणी लेख्नुहोस् : २०×१=२०

(अ) विशेषण उपवाक्य।

(आ) वाक्यका संरचनागत तह।

(इ) मानस्वर।

(ई) प्रायोगिक भाषाविज्ञान।

३. तलका कुनै पाँचवटा विषयमा संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यमा लेखिनुपर्छ। २×५=१०

(क) पुरुष।

(ख) पूरकापेक्षी क्रियापद।

(ग) असमापिका क्रियापद।

(घ) अयोगवाह।

(ङ) अज्ञान भूत पक्ष।

(च) रिक्त रूपिम।

(छ) संरचनागत द्विस्तरीयता।

(ज) स्वरसङ्गति।

(झ) अक्षर।

(ञ) विन्यासक्रमी संरचना।

———————

M.A./M.Sc. - I(DE) Examination, 2010

नेपाली

पहिलो पत्र

(सामान्य भाषाविज्ञान र नेपाली भाषाको अध्ययन)

द्वितीयार्द्ध

(नेपाली भाषाको अध्ययन)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. नेपाली भाषाको विकासका चरणहरू खुट्ट्याउँदै अभिलेख-कालीन नेपाली भाषाबारे विवेचनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। २०

अथवा

नेपाली क्रियापदका रूपायक तत्त्वका रूपमा काल, पक्ष र वाच्यबारे सोदाहरण चर्चा गर्नुहोस्।

२. कुनै दुई विषय लिई व्याख्यात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(अ) नेपालीमा ध्वनिपरिवर्तनका प्रक्रिया।

(आ) नेपाली भाषाको मानकीकरण।

(इ) आर्यइरानेली र खस भाषा।

(ई) नेपाली झर्रा शब्द।

३. कुनै पाँच विषयमा संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनुपर्छ। ५×२=१०

(क) अपभ्रंश भाषा।

(ख) पाद्री टर्नबुल।

(ग) गोरखा भाषा प्रकाशिनी समिति।

(घ) नेपालीमा आत्मनेपदी क्रिया।

(ङ) नाम-पदबन्ध।

(च) विभेदक अभिलक्षण।

(छ) देवनागरी लिपि।

(ज) 'भाषा प्रवेश नेपाली व्याकरण'।

(झ) हेमराज पाण्डे।

(ञ) हलन्त वहिष्कार।

M.A./M.Sc. - I(DE) Examination, 2010

नेपाली

दोस्त्रो पत्र

(नेपाली साहित्यको इतिहास)

प्रथमार्द्ध

(साहित्येतिहासको अवधारणा, अध्ययन पद्धति र आधुनिककाल पूर्वको नेपाली साहित्यको इतिहास)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. इतिहास र साहित्येतिहासका माझको सम्बन्ध प्रस्ट पार्दै साहित्येनिहास लेखनका आधारभूत तत्त्वहरूको विवेचना गर्नुहोस्। २०

अथवा

माध्यमिककालीन नेपाली गद्याख्यानका स्रोतहरू पहिल्याएर यसकालका नेपाली गद्याख्यानको प्रवृत्तिगत इतिहास लेख्नुहोस्।

२. कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) प्राथमिककालीन आख्यानेतर नेपाली गद्यको विकास।

(ख) ज्ञानदिलदासीय साहित्य।

(ग) नेपाली लहरी साहित्य।

(घ) माध्यमिककालीन नेपाली नाट्य साहित्य।

३. कुनै पाँचवटाको टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : २×५=१०

(क) गोर्खा नेशनल थियट्रिकल पार्टि।

(ख) मोती मण्डली।

(ग) 'दार्जिलिङका पैह्राको सवाई'।

(घ) मकै पर्व।

(ङ) हाजिरमान राई।

(च) 'तरुण गोर्खा'।

(छ) 'वीरसिक्का'।

(ज) सुवानन्ददासको नाम-प्रकरण।

(झ) 'गोरखा भाषा व्याकरण चन्द्रिका'।

(ञ) 'दिव्योपदेश'।

M.A./M.Sc. - I(DE) Examination, 2010

नेपाली

दोस्त्रो पत्र

(नेपाली साहित्यको इतिहास)

द्वितीयार्द्ध

(आधुनिक नेपाली साहित्यको इतिहास)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. उत्तर आधुनिक लेखनका चारित्रिक विशेषताहरू उल्लेख गर्दै लीला लेखनलाई उत्तर आधुनिक लेखन भन्न सकिने वा नसकिने कारणहरू स्पष्ट पार्नुहोस्। २०

अथवा

आधुनिक नेपाली नाटकको समृद्धिमा दार्जिलिङले पुऱ्याएको योगदानको समीक्षात्मक मूल्याङ्कन गर्नुहोस्।

२. कुनै दुई विषय लिई सारगर्भित टिप्पणी लेख्नुहोस् : १०×२=२०

(अ) दार्जीलिङमा 'सूधपा' की युग।

(आ) आयामेली लेखनका मूल मान्यता।

(इ) लैनसिंह बाङदेलका उपन्यासहरू।

(ई) सिक्किमेली नेपाली साहित्य।

३. कुनै पाँच विषय लिई संक्षिप्त टिप्पणी लेख्नुहोस्। प्रत्येक टिप्पणी पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : ५×२=१०

(क) द्वाङ् तान्ने गीत।

(ख) 'यो जिन्दगी खै के जिन्दगी?'

(ग) 'जेमन्त'।

(घ) पाद्री गङ्गा प्रसाद प्रधान।

(ङ) 'धनमतीको सिनेमा स्वप्न'।

(च) ठाकुर चन्दनसिंह।

(छ) 'तिब्बतको हुलाकपथ'।

(ज) 'बैँसालु वर्तमान'।

(झ) 'पल्पसा क्याफे'।

(ञ) 'सेतो बाघ'।

M.A./M.Sc. - I(DE) Examination, 2010

नेपाली

तेस्रो पत्र

(नेपाली कविता)

प्रथमार्द्ध

(प्रारम्भदेखि देवकोटासम्म)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. महाकवि लक्ष्मीप्रसाद देवकोटाका काव्य प्रवृत्तिहरूको सम्यग् चर्चा गरेर उनको "प्रमिथस" महाकाव्यमा अभिव्यञ्जित मानवतावादी-क्रान्तिकारी स्वरको सोदाहरण विवेचना गर्नुहोस्। २०

अथवा

गजलको अर्थ स्पष्ट पार्दै र नेपाली-गजल परम्परामा प्रकाश पार्दै भाव वा विषयवस्तु, भाषाशैली एवम् छन्दलय विधानका दृष्टिले मोतीराम भट्टका गजलहरूको समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

२. कुनै **दुई** विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : २×१०=२०

(क) "पुराना कवि र कविता"-को ऐतिहासिक एवम् साहित्यिक महत्व र मूल्य।

(ख) "तरूण तपसी" नव्यकाव्य।

(ग) भानुभक्तीय 'रामायण'को छन्द-लय विधान।

(घ) कवि पतञ्जलि गजुच्याल।

३. कुनै पाँचोटा प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नोत्तर पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : ५×२=१०

(क) सकाम सत्कर्म र अनासक्त निष्काम सत्कर्म भन्नाले के बुझ्नुहुन्छ ?

(ख) 'धर्मात्मा नरनाथ युधिष्ठिरजिले एक् अश्वमेधै गर्‍या'। कस्तो यज्ञलाई अश्वमेध यज्ञ भनिन्छ ? राजसूय यज्ञ र अश्वमेध यज्ञमा के अन्तर छ?

(ग) साहित्यमा समस्यापूर्ति भन्नाले के बुझिन्छ ? के समस्यापूर्त्तिबाट नेपाली कविताले नयाँ गति लिन सकेको छ भन्ने ठान्नु हुन्छ? किन?

(घ) कस्ती नायिकालाई खण्डिता नायिका भनिन्छ ? खण्डिता नायिका र प्रोषितभर्तृका नायिकामा के अन्तर छ ?

(ङ) 'सूक्तिसिन्धु (फेरि)' एउटा क्रान्तिकारी प्रकाशन हो। हो ? किन ?

(च) 'भानुभक्त आचार्यलाई मोतीराम भट्टले 'सहजकवि' भनेर के भनेका हुन् ? किन?

(छ) सगुण भक्ति र निर्गुण भक्ति भन्नाले के बुझिन्छ ? निर्गुण भक्ति काव्यको उद्देश्य वा लक्ष्य के हो?

(ज) "नेपाल्को सिन्किलुटि मंरातको घिले भुटि,
पालपाको ल्याव हिंग जिरो रिसिंगको ल्याव पिरो;
तनहुँको भातसित भीर्कोटको दालसित,
कन्चन कटौरा भरि स्ववर्णका थलिया भरि;
अष्टदल चौकि बसि गंगाजल झारि भरि,
पुरुव मुहुंडा गरि माहाराजको जिउनार वनाव है॥"

प्रस्तुत कविता पङ्क्तिका माध्यमबाट कविले के भन्न चाहेका हुन् ? आशय स्पष्ट पार्नुहोस्।

(झ) यदुनाथ पोखरेलको 'स्तुतिपद्य–१' को नामकरण कविसम्म सार्थक छ र नामकरणमा कविसम्म औचित्यको निर्वाह हुन सकेको छ भन्ने ठान्नुहुन्छ ? किन?

(ञ) शम्भुप्रसाद टुङ्ग्यालालाई 'आशुकवि' भनेर किन भनिएको हो ? उनलाई यो उपाधि कसले अनि कहिले दिएको हो ?

M.A./M.Sc. - I(DE) Examination, 2010

नेपाली

तेस्रो पत्र

(नेपाली कविता)

द्वितीयार्द्ध

(समदेखि ओकिउयामा ग्वाइनसम्म)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. आधुनिक नेपाली कविताका मूल प्रवृत्तिहरूको परिचय दिँदै कवि भूपि शेरचनका कवितागत प्रवृत्तिको चर्चा गरेर उनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' शीर्षक कविताको विश्लेषण गर्नुहोस्। २०

अथवा

कवि अगमसिंह गिरी र हरिभक्त कटुवालका काव्यात्मक प्रवृत्तिको तुलनात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

२. कुनै **दुई** विषयमाथि समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) कवि ओकिउयामा ग्वाइनका कवितामा पठित विशेषता।

(ख) कवितामा बौद्धिकताको प्रयोग र बालकृष्ण सम।

(ग) 'हाट भर्ने मानिस' को प्रतीकात्मक अभिव्यञ्जना।

(घ) कवि ईश्वरवल्लभ।

३. निम्नलिखित कुनै पाँचवटा प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक उत्तर पाँचदेखि सात वाक्यभित्र हुनुपर्छ : ५×२=१०

(क) 'गङ्गा निलो वग्हु' कविताको मूल आशय के हो?

(ख) "व्यक्तिलाई महत्त्व दियौं
मानवजातिलाई दिएनैं"- प्रस्तुत कवितांश कसको हो ? कविले के भन्न चाहेका छन् ?

(ग) 'बारूद र सेता परेवा' को प्रतीकात्मक अर्थ के हो ?

(घ) 'जलेको प्रतिविम्ब : रोएको प्रतिध्वनि' कविता सङ्ग्रहको नामकरण सार्थक छ ? कसरी ?

(ङ) 'यो आकाश जहाँ म मेरो तारा हेर्थें
त्यो अर्काको तारा भैसक्चो'
- प्रस्तुत कवितांश कुन कविको कुन कविताबाट उद्धृत गरिएको हो ? 'मेरो तारा' र 'अर्काको तारा'-को तात्पर्य के हो ?

(च) "हो, त्यो आउँछ,
त्यो बिहानको सूर्य झौं उज्यालो छर्दै आउँछ।"
–यस कवितांशको भाव-केन्द्र के हो ?

(छ) भूपि शेरचनलाई प्रगतिवादी कवि भन्न सकिन्छ ? किन ?

(ज) 'हिमचुली रक्तिम छ' – यस शीर्षक-पदावलीको तात्पर्य के हो ?

(झ) 'घाइते युग' कवितामा कविले युगलाई किन 'घाइते' देखे ?

(ञ) 'साबातको बैला उत्सव'-को तात्पर्य के हो ?

M.A./M.Sc. - I(DE) Examination, 2010

नेपाली

चौथो पत्र

(नेपाली गद्याख्यान)

प्रथमार्द्ध

(नेपाली कथा)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. रूपनारायण सिंहलाई यथार्थवादी कथाकारका रूपमा चिनाउँदै 'कथा नवरत्न'-भित्रका कथाहरूको पात्र-विधान र भाषा-शैली बारे समीक्षात्मक अध्ययन प्रस्तुत गर्नुहोस्। २०

अथवा

भवानी भिक्षुका कथा-शिल्पको चर्चा गर्दै 'मैयाँसाहेब' सङ्ग्रहभित्रका कथामा द्वन्द्वको योजना र दरबारी मानसिकताको चित्रण कसरी भएको छ ? विवेचना गर्नुहोस्।

२. कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) 'भाँडी' कथामा प्रतीक-प्रयोग।

(ख) 'रोगग्रस्त' कथाको कथानक-योजना।

(ग) 'दोषी चश्मा' कथामा पात्रका मनोदशाको चित्रण।

(घ) 'नासो' कथाको परिवेश।

३. कुनै पाँचवटा प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : ५×२=१०

(क) कस्तो पात्रलाइ च्याप्टो पात्र भनिन्छ ? उदाहरण पनि दिनुहोस्।

(ख) 'तिउरीको फूल पाइरियाको गन्ध' कथामा पाइरियाको गन्धले के बुझाउन खोजेको छ ?

(ग) 'प्रकृति-पुत्री' कथाको शीर्षक कति औचित्यपूर्ण छ ? कसरी ?

(घ) 'जार : भएकै एउटा कथा'-मा यथार्थको सङ्केत छ ? कसरी ?

(ङ) 'मानिस' कथामा मानिसलाई कसरी चित्रित गरिएको छ ? 'मानिस' को ध्वन्यार्थ के हो ?

(च) कथानक र कथावस्तुमाझ कुनै अन्तर छ?

(छ) 'विपना कतिपय' पदावलीले कथा-सङ्ग्रहको भाव पक्षलाई आत्मसात गरेको छ ? कसरी ?

(ज) भगवती कुन कथाकी पात्रा हो ? उसको पात्रताबारे लेख्नुहोस्।

(झ) 'इच्छा बाँचिरहुन्छ' कस्तो कथा हो ? यसमा प्रयुक्त दृष्टिबिन्दुबारे लेख्नुहोस्।

(ञ) 'स्वास्नीमान्छे' कथामा सांस्कृतिक पक्षको उद्घाटन भएको छ ? कसरी ?

M.A./M.Sc. - I(DE) Examination, 2010

नेपाली

चौथो पत्र

(नेपाली गद्याख्यान)

द्वितीयार्द्ध

(नेपाली उपन्यास)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. प्रागैतिहासिक सन्दर्भ र यौन मनोविश्लेषण मध्ये कुन पक्ष 'सुम्निमा' उपन्यासका मूल पक्ष हो ? किन? विवेचनात्मक उत्तर लेख्नुहोस्। २०

अथवा

ध्रुवचन्द्र गौतमका औपन्यासिक अभिलक्षणहरू प्रस्तुत गरेर 'अलिखित' उपन्यासका आधारमा उनलाई प्रयोगधर्मी उपन्यासकारका रूपमा चिनाउनुहोस्।

२. कुनै दुईवटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) अनुराधा र सुम्निमाको चारित्रिक तुलना।

(ख) 'आज रमिता छ' उपन्यासमा व्यङ्ग्य-विनोदी भाव।

(ग) 'जुनेलीरेखा'-को भावपरिमण्डल।

(घ) 'लङ्गडाको साथी' मा अभिव्यक्त वैचारिक पक्ष।

३. कुनै पाँचवटा प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर पाँचदेखि सात वाक्यभित्र हुनु आवश्यक छ : ५×२=१०

(क) पितृरतिग्रन्थी।

(ख) दोरहन्तल पोखरी।

(ग) उपन्यासमा वहुस्वर।

(घ) स्वैरकल्पना।

(ङ) केन्द्रीय आन्तरिक दृष्टिबिन्दु।

(च) मनुवा दह।

(छ) कथानक रूढि ।

(ज) औपन्यासिक गति।

(झ) कार्यपीठिका।

(ञ) बहिर्मुखी पात्र।

M.A./M.Sc. - I(DE) Examination, 2010

नेपाली

पाँचौं पत्र

(नेपाली नाट्य साहित्य)

समय - दुई घण्टा पूर्णाङ्क - ५०

१. "द्वन्द्व नै नाटकको जीवन हो" भन्ने कथनको समीक्षा गर्दै नाटकीय द्वन्द्वका विविध रूपबारे सोदाहरण चर्चा गर्नुहोस्। २०

अथवा

आधुनिक मनोविश्लेषणवादी नाटकका रूपमा 'भूसको आगो' नाटकको समीक्षा र मूल्याङ्कन गर्नुहोस्।

२. कुनै **दुई** विषय बारे समीक्षात्मक टिप्पणी लेख्नुहोस् : १०×२=२०

(क) 'जेमन्त' नाटकको शिल्पपक्ष।

(ख) 'टीका' एकाङ्कीको मार्मिक पक्ष।

(ग) 'एउटा सम्भ्रान्त परिवारको कथा' एकाङ्कीमा विजय मल्लको युग-दृष्टि।

(घ) नारी विमर्शका दृष्टिले 'मसान' नाटक।

३. कुनै पाँचवटा प्रश्नको उत्तर लेख्नुहोस्। प्रत्येक प्रश्नको उत्तर पाँचदेखि सात वाक्यभित्र हुनु पर्छ : ५×२=१०

(क) नाटकीय कार्यावस्था भन्नाले के बुझिन्छ ?

(ख) व्यायोग केलाई भनिन्छ ?

(ग) 'माग' एकाङ्कीको माग के हो ?

(घ) नाटकमा प्रतिनायक भन्नाले के बुझिन्छ ? उसको भूमिका के हो ?

(ङ) नाटकमा 'नान्दी पाठ' भनेको के हो ?

(च) 'शकुन्तला' नाटकमा त्रासदीय स्थिति कहाँ पाइन्छ ?

(छ) 'यमा'-नाटकको ध्वन्यार्थ के हो ?

(ज) अवस्था भेदअनुसार नायिका कति प्रकारका हुन्छन् ? के- के ?

(झ) 'वीर बालक अभिमन्यू'- एकाङ्कीमा 'वीर' विशेषण पदको औचित्य के-कति छ ?

(ञ) 'अन्धवेग' नाटकमा समको नारीप्रतिको दृष्टि कस्तो रहेको छ ? कसरी ?

(ट) नाट्यशास्त्रीय दृष्टिले 'तीन गँजडीको चन्द्रलोक यात्रा' मा प्रयुक्त हास्य कस्तो हास्य हो ? कसरी ?